**१२. बैठकमा पालना गर्नु पर्ने  आचरणहरु  :** (१) बैठकमा देहायका आचरणहरु पालना गर्नु पर्नेछः
(क) अध्यक्ष बैठक कक्षमा प्रवेश हँदा सबैले सम्मान प्रकट गर्न0 उठ्नु पर्नेछ ।
(ख) अध्यक्षले बैठक प्रति सम्मान प्रकट गरि आफ्नो आसन ग्रहण गर्नु पर्नेछ ।
(ग) बैठक स्थगित भई अध्यक्ष सभाबाट बाहिर निस्के पछि मात्र सदस्ययहरुले बैठक कक्ष छाडनु पर्नेछ ।
(घ) बैठकमा भाग लिने सदस्ययले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्छ र अध्यक्षले अन्यथा आदेश दिएमा बाहेक उभीएर बोल्नुनु पर्नेछ ।
(ङ) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाडनु हँदैन र अध्यक्षले बोलेको कुरा शान्तिपूर्वक सुन्नु पर्नेछ ।
(च) अध्यक्षले आसन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यको बीचबाट हिडनु हुँदैन
(छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न वा बैठकको मर्यादा भंग हुने वा अब्यबस्था उत्पन्न हुने  कुनै काम गर्नु हुँदैन ।
(ज) बैठक कक्षमा अध्यक्षयको सामुन्नेबाट वारपार गरि हिंडन वा अध्याक्षको आसनतर्फ पिठ्ु फर्कायर बस्नुन हुँदैन ।
(झ) बैठकको कार्यसँग प्रत्यक्ष रुपले  सम्बधित विषय बाहेक अन्य विषयको पुस्तक,समाचार वा अन्य कागजपत्र हरु पढ्नु हुँदैन ¡
(ञ) बैठकको अवधिभर बैठक कक्षमा मोबाईल फोन बन्द गर्नु पर्नेछ ।
(२) सभामा पालना गर्नु पर्ने अन्य आचरणहरु समय समयमा सभाले तोके बमोजिम हुनेछ ।
**१३. बैठकमा भाग लिने सदस्ययले पालन गर्नुपर्ने नियमहरु :** बैठकमा हुने छलफलमा भाग लिने सदस्ययले देहायका नियमहरुको पालन गर्नु पर्नेछ :
(क) अध्यक्षयको ध्यानाकर्षण गर्नको निमित्त. उठ्नुपर्नेछ र अध्यक्षयले निजको नाम बोलाएपछी वा इशारा गरेपछी मात्र बोल्नु पर्नेछ ।
(ख) यस नियमावलीको दफा ३५ बमोजिमका विषयमा छलफल गर्नु हुँदैन ।
(ग) अशीष्ट,अश्लिल, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु हुँदैन ।
(घ) ब्यक्तिगत आरोप लगाउन हुँदैन ।
(ङ) बोल्न पाउने अधिकारलाई सभाको कार्यमा बाधा पार्ने मनसायले दुरुपयोग गर्नु हुँदैन ।
(च) सभा वा अध्यक्षयको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्ताब माथि बोल्दाको अवस्थामा बाहेक सभा अध्यक्षयको कुनै पनि निर्णयको आलोचना गर्नु हुँदैन ।
(छ) अध्यक्षयले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्ताबको छलफलको क्रममा बाहेक अध्यक्षयको आचरणको आलोचना गर्नु हुँदैन ।
(ज) वैठकमा पालना गर्नु पर्ने अन्य नियमहरु सभाले तोके बमोजिम हुनेछ ।
**१४. छलफलमा बोल्ने क्रम :** बैठकमा बोल्ने क्रम देहाय बमोजिम हुनेछ :
(क) प्रस्ताब पेश गर्ने सदस्यले बोलिसकेपछि अध्यक्षयले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिमको सदस्ययले बोल्नन पाउनेछन् ।

